प्रस्तावः मिति २०७७/११/२५ गते मंगलबार, १०० औ कार्यपालिका बैठक

१. जग्गा उपलब्धता सम्वन्धमा
२. भवन निर्माण अनुमति सम्बन्धमा ।
३. आर्थिक सहयोग सम्बन्धमा ।
४. रिफ्रेस सेन्टर निर्माण सम्बन्धमा ।
५. कर्मचारी व्यवस्थापन सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
७. रकम भुक्तानी सम्बन्धमा।
८. सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
९. शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका ८ सौरी गाँउ सिर्जनशिल टोल विकास संस्था, अभियान टोल विकास संस्था र ईन्द्रेणी टोल विकास संस्थाले आफ्नो कार्यक्षेत्र भित्र रहेको साविक नारायणपुर ६क कि.नं. ५३८ को १-४-५ मध्ये ०-१९-५ ऐलानी प्रतिजग्गामा मतवा सभागृह सांस्कृतिक संग्रहालाय, सामुदायिक सूचना केन्द्र र भुयार थान निर्माणका लागि जग्गा उपलब्ध गराई पाँउ भनी थारु कल्याणकारी सभा दाङ देउखुरीको च.नं. ९१ मिति २०७७।११।१७को पत्र तथा घोराही उपमहानगरपालिका वडा नं. ८को च.नं. १९९८ मिति २०७७।११।११ को सिफारिस प्राप्त भएकोले उल्लेखित कि.नं.र क्षेत्रफलको जग्गा सरकारी जग्गा लिजमा उपलब्ध गराउने कार्यविधि २०७१ बमोजिम निःशुल्क उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका ६ नं. वडा कार्यालयको च.नं. १४८७ मिति २०७७।११।०७ गतेको भवन निर्माण अनुमति सिफारिस पत्र अनुसार घोराही उपमहानगरपालिका ६ नं. वडा कार्यालय हाता भित्र वडा कार्यालयले तोकेको स्थानमा वडा कार्यालयकै स्वामित्वमा रहने गरी महिला साना किसान कृषि सहकारी संस्था लि. दाङ लाई भवन निर्माणका लागि मिति २०७०।९।२५ गते बसेको साविक सौडियार गा.वि.स.को गाउँ परिषदले अनुमति दिएको गाउँ परिषदको निर्णयबाट देखिएकोले उक्त निर्णय समर्थन गरी भवन निर्माणको लागि अनुमति दिने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा निम्न व्यक्ति तथा संस्थाबाट तपशिल बमोजिमका कार्यक्रमका लागि आर्थिक सहयोग माग भै आएको हुँदा देहाए अनुसार आर्थिक सहयोग निम्न शिर्षकबाट दिने ।

| क्र.स. | संस्था, व्यक्ति तथा कार्यक्रमको नाम | सहयोग रकम रु | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन | १,००,०००।- | अन्य संस्था सहायता | |
| २. | नेपाल रेडक्रस सोसाइटी (प्रदेश स्तरीय सभा सञ्चालन) | १०,०००।- | अन्य संस्था सहायता | |
| ३. | राष्ट्रिय निजि तथा आवासिय विद्यालय एसोसियसन नेपाल (नेसनल प्याब्सन) लुम्बिनि प्रदेश (प्रदेश स्तरीय छात्रा भलिवल प्रतियोगिता२०७७) | १५,०००।- | अन्य संस्था सहायता | |
| ४. | नेपाल गणतान्त्रिक खेलकुद महासंघ (जिल्ला स्तरिय पुरुष भलिवल प्रतियोगिता) | १०,०००।- | अन्य संस्था सहायता | |
| ५. | शर्मिला खड्का (उपचार खर्च) | १५,०००।- | अन्य सहायता | |
| ६. | विशाल वि.क.(मेयरकप फुलवल प्रतियोगितामा घाईते उपचार खर्च) | १५,०००।- | अन्य सहायता | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिका १० नं. वडा कार्यालयको च.नं.३७५० मिति २०७७।११।२५को सिफारिसपत्र तथा मिति २०७७।११।२१ गतेको श्री सिद्धरत्ननाथ माध्यामिक विद्यालय नारायणपुर दाङको विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय अनुसार विद्यालयको नाममा दर्ता श्रेष्ता भएको साविक नारायणपुर गा.वि.स. नक्सा नं. १ ग कि.नं. ३५१ मध्येबाट ढिकपुरे कुलाको पूर्व र मुख्य सडकको उत्तर तर्फ अन्दाजी ५०, ६० मिटरमा बजार विस्तारिकरण गर्ने र सो भन्दा उत्तरतर्फको ०-१२-० क्षेत्रफलमा निर्माण हुने रिफ्रेस सेन्टरबाट प्राप्त हुने आयस्रोत विद्यालयलाई उपलब्ध गराउने ।

**निर्णय नं. ५**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग अनुसन्धान महाशाखा टंगाल काठमाण्डौको च.नं. १२९०२, मिति २०७७।९।२३ को पत्र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय काठमाण्डौको च.नं. ३९३ मिति २०७७।१०।९ को पत्र राष्ट्रिय सतर्कता केन्द्र काठमाण्डौको च.नं. १४२०१६२२०५ मिति २०७७।१०।१४को पत्र मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय कानून तथा संवैधानिक मामिला महाशाखा लुम्बिनी प्रदेश मुकाम बुटवलको च.नं. कानून(५६) मिति २०७७।८।९ तथा च.नं. १६ मिति २०७७।५।१ को पत्र समेतको निर्देशन पालना गर्ने क्रममा यस उपमहानगरपालिकाको मिति २०७७।११।०६ गतेको ९९ औं कार्यपालिका बैठकको निर्णयबाट करार सेवा निरन्तरता हुन नसकेका साविक स्थानीय निकायबाट नियुक्ति भई लामो समयसम्म करार सेवामा कार्यरत कर्मचारीहरुको सम्मानपूर्वक विदाई एवं उचित व्यवस्थापनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश लोकसेवा आयोग तथा लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बुटवलमा अनुरोध गर्ने ।

**निर्णय नं. ६:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७७/०७८ दोस्रो चरणमा प्राप्त सशर्त अनुदान रकम रु. ६१५३०००।– प्राथमिकता संख्याको आधारमा घोराही उपमहानगरपालिकाका सबै वडाहरुमा देहाय अनुसार बाँडफाड गर्ने ।साथै वडा कार्यालयबाट प्राप्त कुल १२५० जना वेरोजगार व्यक्तिलाई वेरोजगार सूचीमा सूचिकृत गर्ने ।

देहायः

| वडा नं. | प्राथमिकतामा परेका वेरोजगार व्यक्ति संख्या | पहिलो चरणको अनुदान मध्येबाट बाँडफाँड भैसकेको रकम | दोस्रो चरणको वजेट बाँडफाड |
|---|---|---|---|
| १ | ३० | १००००००।- | ५०००००।- |
| २ | २३ | ७०००००।- | ४५००००।- |
| ३ | ५० | १००००००।- | १०५००००।- |
| ४ | २२ | १००००००।- | १०००००।- |
| ५ | ४३ | ११२००००।- | ६८००००।- |
| ६ | ५ | २५००००।- | ० |
| ७ | ० | ० | ० |
| ८ | ८ | २५००००।- | १५००००।- |
| ९ | ५ | २५००००।- | ० |
| १० | १४ | ६०००००।- | १०००००।- |
| ११ | ६१ | ७०००००।- | १५०००००।- |
| १२ | ८ | २५००००।- | १५००००।- |
| १३ | १० | ४०००००।- | १०००००।- |
| १४ | १४ | ६०००००।- | १५००००।- |
| १५ | ५ | २५००००।- | ० |
| १६ | ० | ० | ० |
| १७ | ५ | २५००००।- | ० |
| १८ | ११ | ४०००००।- | १५००००।- |
| १९ | ५१ | १०१००००।- | १०७३०००।- |
| **जम्मा** | ३६६ | १००३००००।- | ६१५३०००।- |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका १८ नं. वडा कार्यालयको च.नं. ५६४ मिति २०७७।०५।१५को पत्रानुसार घोराही उपमहानगरपालिकाको आ.व. २०७७/०७८को वडा स्तरीय वार्षिक कार्यक्रम अन्तर्गत सामाजिक विकास तथा कृषिमा छुट्याइएको रकम रकमान्तर भई सकेको हुँदा यस १८ नं. वडाका मसिना, काभ्रेखोला जोगीडाँडा लगायतका स्थानमा किसानहरुकालागि सुन कागती ३०६ थान विरुवा खरिद वापतको जम्मा रकम रु.३९७८०।– (उन्चालिस हजार सात सय असी) बेल्बासे नर्सरीलाई विविध शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/११/१६ गतेको बैठकका देहायका निर्णयहरु अनुमोदन गर्ने।

**८.१** घोराही उपमहानगरपालिका ६ नं. वडा कार्यालयको च.नं. ३३१ मिति २०७७।०६।१४ गतेको पत्र तथा संलग्न प्रहरी मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा नं. ६ श्रृजनसिल टोल विकास संस्था अन्तर्गत चमै कटुवा कृषि सिंचाई कुलो वर्षात तथा बाढीका कारणले भत्किएको कारणले ४६८५००।– (चार लाख अठ्सठ्ठी हजार पाँच सय) स्थानीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुने गरि हुने गरी मर्मत गर्ने ।

**८.२** घोराही उपमहानगरपालिका १४ नं. वडा कार्यालयको च.नं. १५२८ मिति २०७७।१०।२८ गतेको पत्रका आधारमा यसै उपमहानगरपालिका वडा नं. १४ सिद्धार्थ गौतम नगर टोल विकास संस्था अन्तर्गत सर्वोदय पुस्तकालय देखि पूर्व माउन्ट भिउ जाने बाटो देखि दक्षिण तर्फको बाटोमा कल्भर्ट निर्माणका लागि ५००४३।१८।– (पचास हजार त्रिचालिस) नगरस्तरीय विपदबाट क्षति भएका भौतिक संरचना मर्मत शिर्षक नं. २२२३१ सि.नं. १ पेज नं. ५२ बाट खर्च हुने गरि हुने गरी निर्माण गर्ने ।

**८.३** घोराही उपमहानगरपालिका १३ नं. वडा कार्यालयको च.नं. १८८८ मिति २०७७।१०।०५ गतेको सिफारिस पत्र तथा गाँउ सरजमिन मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा नं. १३ बस्ने आशा कुमारी घर्तिमगरलाई स्थानीय विपद व्यवस्थापन कोष शिर्षक नं. ३११५९ सि.नं. १२ पेज नं. ५२बाट खर्च हुनेगरी निजको घरको साइज अनुसारको जस्तापाता उपलब्ध गराउने ।

**८.४** घोराही उपमहानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ४९३० मिति २०७७।११।०७ गतेको पत्रका आधारमा यसै उपमहानगरपालिका वडा नं. १५ बस्ने कमला मल्ल ठकुरीको घर चर्केको निज कुष्ठ रोगका कारण हातखुट्टा अंगभंग भएको र आर्थिक अवस्था कमजोर भएकाले राहत स्वरुप १००००।– (दश हजार) स्थानीय विपद व्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं. १२ पेज नं. ५२बाट खर्च हुने गरी उपलब्ध गराउने ।

**८.५** घोराही उपमहानगरपालिका ५ नं. वडा कार्यालय च.नं. १५४२ मिति २०७७।११।१६ गतेको प्राप्त पत्रका आधारमा यसै उपमहानगरपालिका वडा नं. ५ बस्ने जिबे सार्कीलाई स्थानीय विपद व्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं. १२ पेज नं.५२ बाट खर्च हुनेगरी निजको घरको साइज अनुसारको जस्तापाता उपलब्ध गराउने ।

**८.६** घोराही उपमहानगरपालिका १९ नं. वडा कार्यालयको च.नं. २०१ मिति २०७७।०६।३० गतेको सिफारिस पत्र तथा मुचुल्का समेतका आधारमा यसै उपमहानगरपालिका वडा नं. १९ च्यानगैरा श्रीचौर सडक खण्ड अविरल वर्षाका कारणले क्षती भई आवागमन समेत अवरुद्ध भएकाले सडक मर्मतका लागि रु १५००००(एक लाख पचास हजार) स्थानीय विपद् व्यवस्थापन कोष शिर्षक नं.३११५९ सि.नं. १२ पेज नं. ५२ बाट खर्च हुनेगरी उपलब्ध गराउने ।

**निर्णय नं. ९**

लमही नगरपालिकाका मेयर श्री कुल बहादुर के.सी.का ममतामयी आमा स्व. अमृता खत्रीको यही मिति २०७७।११।२५ गतेका दिन ९६ वर्षको उमेरमा असामयिक स्वार्गारोहण भएको खवरले घोराही उपमहानगरपालिका परिवारलाई अत्यन्त दुःखी तुल्याएको छ । यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदनाकासाथ शोक प्रस्ताव पारित गर्ने ।